नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

फोन नं. ०१–४२५५७९६
फ्याक्स: ०१ –४२६२२६८
Email: ewarsedcd@gmail.com
Website: edcd.gov.np

पचली, टेकु
काठमाण्डौं, नेपाल

पत्र संख्या: २०७५/०७६
च. नं: ३४८

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

मिति: २०७५/०७/०५

श्री सामाजिक विकास मन्त्रालय,

प्रदेश नं १, प्रदेश नं २, प्रदेश नं ३, गण्डकी प्रदेश, प्रदेश नं ५, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश ।

**विषय: महामारी तथा प्रकोपजन्य रोगहरुको अवस्थामा RRT/CRRT परिचालन सम्बन्धी कार्यक्रम सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाबाट यस आ.व. २०७५/७६ को लागी स्वीकृत बजेट र कार्यक्रम अनुसार प्रदेशमा **"महामारी तथा प्रकोपजन्य रोगहरुको अवस्थामा RRT/CRRT परिचालन गर्ने, चौमासिक बैठक नियमित सन्चालन गर्ने तथा प्रकोपको अवस्थामा बहुनिकाय समन्वय कार्यक्रम गर्ने"** र स्थानीय तहमा **"महामारी तथा प्रकोपजन्य रोगहरुको अवस्थामा RRT/CRRT परिचालन गर्ने, चौमासिक रिभ्यु तथा अभिमुखिकरण गर्ने"** क्रियाकलापहरु संचालन गर्न दुविधा भएको भनी विभिन्न प्रदेशका सामाजिक विकास मन्त्रालयहरुसंगको अर्न्तकृयामा जानकारी प्राप्त हुन आएको छ । तसर्थ यसै पत्रसंग संलग्न प्रस्तावित समिति गठन गरी कार्यान्वयन गर्दा कार्यक्रम संचालनमा सहजिकरण हुने अपेक्षा गरिएको व्यहोरा अनुरोध छ । साथै सो प्रदेशमा रहेको स्थानीय तहहरुमा समेत पत्राचार गरी जानकारी गराईदिनुहुन अनुरोध छ ।

..............................
डा. विवेक कुमार लाल
निर्देशक

**बोधार्थ:**

श्री प्रदेश स्वास्थ्य निर्देशनालय, ७ वटै प्रदेश ।

# द्रुत प्रतिकार्य टोली (RRT) सम्बन्धी प्रस्तावित अन्तरिम मार्गदर्शन

नेपालमा विभिन्न स्थान र समयमा विभिन्न रोगहरुको महामारी तथा विपदहरु देखिने गरेका छन् । यी महामारी तथा विपदहरुको विभिन्न तहबाट समयमा नै व्यवस्थापन हुँदै आएको छ । हाल सम्मको प्रगति विश्लेषण गर्दा महामारीको पहिचान, प्रतिकार्य र व्यवस्थापनमा विभिन्न तहका द्रुत प्रतिकार्य टोली (RRT) को ठूलो भूमिका रहेको देखिन्छ । तसर्थ यो कार्यलाई निरन्तरता दिनका निम्ति देशको पुर्नसंरचना अनुरुप विगतमा भएको द्रुत प्रतिकार्य टोली (RRT) लाई परिमार्जन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

**"विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन एन् २०७४"** को दफा ४३ उपसमिति गठन गर्न सक्ने बुँदामा "**कार्यकारी समिति, प्रदेश विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ"** उल्लेख भए बमोजिम निम्न अनुसारको व्यवस्था गर्न सकिने छ ।

- प्रदेश र स्थानीय तह विपद व्यवस्थापन समितिको मातहतमा जनस्वास्थ्य आपतकालीन अवस्था (Public Health Emergencies) को व्यवस्थापन सम्बन्धी निम्नानुसार पदाधिकारीहरु रहने गरी **जनस्वास्थ्य आपतकालीन व्यवस्थापन उपसमिति** (Public Health Emergency Management Sub-Committee-PHESC) गठन गर्ने ।

### १. प्रदेशको हकमा:

***अध्यक्ष:*** प्रदेश स्वास्थ्य निर्देशक

***सदस्य:*** प्रदेशको केन्द्र भएको स्थानमा रहेको अस्पतालहरुबाट मे.सु. - **बढीमा २ जना**

***सदस्य:*** खानेपानी तथा सरसफाई, पशुपंक्षी, सुरक्षा, महिला तथा बालबालिका लगायत जनस्वास्थ्य आपतकालीन अवस्था (Public health Emergencies) संग सम्बन्धित कार्यालयहरुबाट प्रतिनिधि - **बढीमा ४ जना** ।

***सदस्य सचिव:*** प्रदेश स्वास्थ्य निर्देशनालयमा सम्वन्धित कार्यक्रम हेर्ने शाखाको प्रमुख ।

*(आवश्यकता अनुसार सदस्यहरु थप घट गर्न सकिनेछ ।)*



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

**२. महा/उप/नगरपालिका/गाउँपालिकाको हकमा:**

***अध्यक्ष:*** प्रमुख प्रशासकिय अधिकृत

***सदस्य:*** स्थानीय तहमा रहेका स्वास्थ्य संस्थाहरुको प्रमुख - **बढीमा २ जना**

***सदस्य:*** खानेपानी तथा सरसफाई, पशुपंक्षी, सुरक्षा, महिला तथा बालबालिका लगायत जनस्वास्थ्य आपतकालीन अवस्था (Public health Emergencies) संग सम्बन्धित कार्यालय/ईकाइहरुबाट प्रतिनिधि **- बढीमा ४ जना ।**

***सदस्य सचिव:*** स्थानीय तहको स्वास्थ्य संयोजक ।

*(आवश्यकता अनुसार सदस्यहरु थप घट गर्न सकिनेछ ।)*

**उपसमितिको मुख्य काम/कर्तव्यहरु:**

- स्वास्थ्य प्रणाली विकास र सुदृढीकरणका लागी स्वास्थ्य क्षेत्रमा विपद् जोखिम न्युनिकरण चक्र: तयारी, प्रतिकार्य र पुर्नलाभ (recovery) कार्यक्रमको कार्यान्वयन सम्वन्धि योजना निर्माण, प्राथमिकिकरण, बजेट निर्धारण, स्रोत साधनहरुको बाढफाड, निर्देशन र मुल्यांकन गर्ने ।
- संस्थागत व्यवस्थाहरू र संयन्त्र स्थापना गरि विपद् जोखिम न्युनिकरण र जनस्वास्थ आपतकालीन अवस्थाको रोकथाम, पहिचान, प्रतिवेदन र प्रतिकार्यसंग सम्बन्धित कार्यक्रमहरुको कार्यान्वयन गर्ने ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

**जनस्वास्थ्य सेवा ऐन २०७५** दफा ४८ आपतकालीन स्वास्थ सेवा तथा व्यवस्थापन अर्न्तगत उपदफा (१) मा **"आपतकालीन अवस्थामा तत्काले स्वास्थ सेवा पुऱ्याउन तोकए बमोजिम द्रुत प्रतिकार्य टोली तथा आपतकालीन चिकित्सकिय समूह रहने छ"** र उपदफा (२) मा **"सघं, प्रदेश र स्थानीय तहले आपतकालीन स्वास्थ्य योजना विकास गरी लागू गर्नुपर्नेछ"** भनी उल्लेख भए वमोजिम यसै आधारमा उपसमितिले आपतकालीन अवस्थामा आफ्नो मातहतबाट स्वस्थाकर्मीहरु (RRT) परिचालन गर्न सक्ने छ। प्रादेशिक र स्थानीय तहमा रहने द्रुत प्रतिकार्य टोली/ Rapid Response Team (RRT) मा निम्न स्वास्थकर्मी परिचालन गर्न उपयुक्त हुनेछ।

**१. स्थानीय तहको हकमा (महा/उप/नगरपालिका/गाउँपालिका):**

- मेडिकल अधिकृत: १ जना
- ज.स्वा.अ./हे.अ: १ जना
- सि.अ.हे.व/अ.हे.व: १ जना
- स्टाफ नर्स/ सि.अ.न.मी/अ.न.मी: २ जना
- ल्या.टे/ ल्या.अ.: १ जना
- कार्यालय सहयोगी: १ जना

*मे.अ. नभएको स्थानीय तहहरुमा सोही RRT टोलीको ज.स्वा.अ/हे.अ. ले नेतृत्व गर्ने।

**ख) प्रादेशिक तहको हकमा:**

- जनरल फिजिसियन/फिजिसियन: १ जना
- मेडिकल अधिकृत: २ जना
- जन स्वास्थ्य अधिकृत: १ जना
- हे.अ/सि.अ.हे.व/अ.हे.व: २ जना
- स्टाफ नर्स/अ.न.मी २ जना
- मे.ल्या.टे. /ल्या.टे/ ल्या.अ. १ जना
- कार्यालय सहयोगी: १ जना

***महामारीको प्रकृति अनुसार थप विज्ञ तथा प्राविधिकहरु** (वालरोग विशेषज्ञ, मानसिक रोग विशेषज्ञ, तथ्यांक अधिकृत, भे.क.नि, WASH expert, स्वास्थ्य शिक्षा अधिकृत) **लाई परिचालन गर्न सकिनेछ।**

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

**द्रुत प्रतिकार्य टोली/ Rapid Response Team (RRT) को कार्य विवरण:**

- आपतकालीन जनस्वास्थ घटना/अवस्थाको अनुसन्धान, व्यवस्थापन तथा नियन्त्रण गर्न जनस्वास्थ्य आपतकालिन व्यवस्थापन उपसमितिद्वारा प्रदान गरिएको कार्ययोजनाको कार्यान्वयन गर्ने र निर्देशन अनुसार कार्य गर्ने
- आपतकालीन जनस्वास्थ घटनाको अनुसन्धान गर्ने
  - घटना को पुस्टि गर्ने
  - प्रारम्भिक अवस्थामा क्लिनिकल र इपिडिमोलोजिकल विशेषताहरूको आधारमा working case definition बनाउने
  - सो घटना संग सम्बन्धित सबै प्रभावित बिरामीहरुको खोजी गर्ने र उपयुक्त जनसांख्यिक, क्लिनिकल र इपिडिमायोलोजिकल विवरणहरु समेटिने गरी विस्तृत Line List तयार पार्ने
  - Line List बाट प्राप्त निष्कर्षको आधारमा रोगको प्रकृति र सिंड्रोम पहिचान गर्ने
  - रोग कसरी फैलिरहेको छ भन्ने पहिचान गर्ने (Mode of Transmission पत्ता लगाउने)
  - संक्रमण नियन्त्रणका लागी सावधानी अपनाई उपयुक्त क्लिनिकल र वातावरणीय नमूना सङ्कलन गरि नमुना प्रयोगशाला परिक्षणका लागि प्याकेज गरि पठाउने ।
  - संकलन गरिएको जानकारीको आधारमा इपिडिमायोलोजिकल विश्लेषण गर्ने ।
  - अनुसन्धानको प्रारम्भिक रिपोर्ट, अन्तरिम रिपोर्ट र अन्तिम प्रतिवेदन तयार गरि PHEM-SC र अन्य सम्बद्ध निकायमा पेश गर्ने ।
- रोग फैलिन नदिन र रोकथामका लागि उपयुक्त कार्यहरु गर्ने:
  - स्वास्थकर्मी , सर्वसाधारण र समुदायका लागी संक्रमण रोकथामका उपायहरु अपनाउने
  - उपयुक्त देखिएमा prophylaxis प्रयोग गर्ने ( औषधि वा खोप )
  - आवश्यकता अनुसार संक्रमित व्यक्तिहरुको isolation र लक्षण नदेखिएका तर exposed व्यक्तिहरुको quarantine गर्ने
  - वातावरणीय विधि जस्तै: पानीको नमुना परीक्षण, पानी सुद्धिकरण गर्ने विधिहरु, हातधुने तरिका, सरसफाई प्रवर्धन, भेक्टर कन्ट्रोललाई आवश्यकता अनुसार अवलम्वन गर्ने
  - समुदायमा उपयुक्त जानकारीहरु प्रवाह गर्न संचार माध्यममाको सहायता लिने
- बिरामीहरुको उपयुक्त उपचार व्यवस्थापन गरी आपातकालीन स्वास्थ्य घटनाबाट हुनसक्ने मृत्यु, जटिलता र अपाङ्गतालाई रोकथाम गर्ने/घटाउन स्वास्थ्य संस्थाहरुमा प्राविधिक सहयोग र आवश्यक औषधी, औजार/उपकरणहरुको आपुर्ति व्यवस्थापन गर्ने:
  - Triage, isolation, cohorting गर्दा स्वास्थ्य संस्थाहरुमा बिरामीको चापको व्यवस्थापन गर्न स्वास्थ्य संस्थाको व्यवस्थापनको अनुगमन, मुल्यांकन, र सहयोग गर्ने
  - स्वास्थ्य संस्थाहरुले प्रधान गरेको उपचार पद्दति को मुल्यांकन र अनुगमन गर्ने



नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

- स्वास्थ्य संस्थाहरुले उपचार व्यवस्थापनमा महसुस गरेका समस्या र चुनौतीहरु पत्ता लगाउने
- स्तरीय उपचार पद्धति अनुसार बिरामीहरुको उपचार व्यवस्थापन गर्न स्वास्थ्य संस्था र विशेषज्ञ संस्थाहरू बीच समन्वय गर्ने
- आवश्यक औषधि, मेडिकल उपकरण र सामग्रीहरुको व्यवस्था गर्ने
- आवश्यकता अनुसार स्वास्थ्य संस्थाहरुमा थप स्वास्थ्यकर्मीहरुको व्यवस्थापन गर्ने
- प्रेषण प्रणाली (community triage, stabilization, safe transport, ambulance services etc) को मुल्याङ्कन गर्ने र बिरामीहरुको उपयुक्त प्रेषण भएको सुनिश्चित गर्ने

- **समन्वय र सम्पर्क:**
  - स्थानीय समुदाय, जनप्रतिनिधिहरु, सरकारी र गैरसरकारी संस्थाहरू, प्रादेशिक स्वास्थ्य आपतकालिन कार्यसञ्चालन केन्द्र (PHEOC), अन्य आपतकालिन कार्यसञ्चालन केन्द्रहरु र संचारकर्मीहरुसंग जनस्वास्थ्यको आपातकालीन अवस्थाको अनुसन्धान र नियन्त्रणका लागि उपलब्ध स्थानीय स्रोतहरुको परिचालन गर्न समन्वय गर्ने
  - थप सहयोगका लागी स्थानीय निकाय, स्वास्थ्य संस्थाहरु र उच्चस्तरको स्वास्थ्य संस्थाहरु बीच समन्वय गर्ने
  - जनस्वास्थ्य आपतकालीन व्यवस्थापन उपसमिति (PHEM-SC), इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (EDCD), स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अन्य सम्बन्धित सरोकारवाला निकायहरुमा नियमित रूपमा प्रतिवेदन गर्ने

- **समिक्षा र सिफारिसहरू:**
  - स्थानीय तहमा जनस्वास्थ्य आपतकालिन घटनाको कारणहरु पहिचान गर्ने र भविष्यमा सोही प्रकृतिको घटनाको रोकथामका लागी उपयुक्त उपायहरु सिफारिस गर्ने
  - पूर्वतयारी र न्यूनिकरणका लागि PHEM-SC लाई पृष्ठपोषण दिने
  - PHEM-SC द्वारा संचालित समिक्षामा सक्रिय रूपमा सहभागी हुने